wenepali.com

Special Fares Avilable



# भारतीय लेखिकाको जीवनपयोगी पुस्तक सार्वजनिक

*वीनेपाली*

प्रतिक्रिया (0) प्रकाशित मिति:२०७२ वैशाख ९ गते १५:०८ Share 0 Tweet 1 Email 0




लन्डन । भारतीय वरिष्ठ आध्यात्मिक जीवन गुरु रचना जैनको नयां पुस्तक अवेक योर ड्रिम्स्, स्टप प्रोक्रेस्टिनेटिङ स्टार्ट अचिभिङ विमोचन भएको छ । गत १८ अप्रिल शनिवार लन्डन साउथहलस्थित दि सेन्टर ब्यांक्यूटिङ हलमा पुस्तक विमोचन भएको हो । अमेजनमा समेत उपलव्ध उक्त आध्यात्मिक पुस्तक मुल्य २४ पाउण्ड ९९ पेन्स् छ । पुस्तक सार्वजनिकीकरण समारोहमा पूर्व सांसद एवं आसन्न निर्वाचनका पुनः उम्मेदवार वीरेन्द्र शर्मा, डा. चन्दोक जिपी, डा. राजेश परमार, आध्याम्मिक नेता डेन सावी, डा. ओन्कार साहोता जस्ता प्रभावशाली व्यक्तित्वहरुको उपस्थिति थियो ।

पुस्तककी लेखिका रचना जैनले नयां कृतिबाट आफू ज्यादै उत्साहित भएको जनाउंदै यो पढ्ने पाठकले पुस्तकका कुरा व्यवहारिक जीवनमा लागू गर्न सके ऊ लाभान्वित हुने बताइन् ।

वास्तविकतामा आधारित जीवनपयोगी उक्त पुस्तकमा कुल एकसय आठ पृष्ठ छन् । आम मानिसहरुको आलटाल प्रवृत्ति वा बानी उजागर गर्ने उक्त पुस्तकले त्यो समस्या समाधानका लागि मार्गदर्शन समेत गरेको विश्लेषकहरुको भनाइ छ । उक्त पुस्तक विद्यार्थी, व्यवसायी, अभिभावक र जो विलम्बमा अलमलिनबाट छुट्कारा चाहन्छ उसलाई उपयोगी हुने बताइएको छ । पुस्तकबाट आएको ५ प्रतिशत रकम गिभ इन्डिया नामक च्यारिटीलाई जाने प्रकाशकले जनाएका छन् ।

तपाईको प्रतिक्रिया